बैठक संख्याः १४ - २०८२।०८३

आज मिति २०८३।०३।०७ गतेका दिन यस लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. श्री निर्मल राना ( गाउँपालिका अध्यक्ष )
२. श्री सपना चौधरी राना (गाउँपालिका उपाध्यक्ष)
३. श्री प्यारेलाल राना (१ नं. वडा अध्यक्ष)
४. श्री आशाराम राना (२ नं. वडा अध्यक्ष)
५. श्री टिकाराम डगौरा (३ नं. वडा अध्यक्ष)
६. श्री बहादुर राना (४ नं. वडा अध्यक्ष)
७. श्री पहल बहादुर थापा (५ नं. वडा अध्यक्ष)
८. श्री हर्कनारायण जोशी (६ नं. वडा अध्यक्ष)
९. श्री वसमती राना (गाउँकार्यपालिका सदस्य)
१०. श्री दिलमाया चौधरी (गाउँकार्यपालिका सदस्य)
११. श्री विन्दु देवि तिरुवा (गाउँकार्यपालिका सदस्य)
१२. श्री शान्ती सार्की (गाउँकार्यपालिका सदस्य)
१३. श्री गीता देवि कोली (गाउँकार्यपालिका सदस्य)
१४. श्री दुर्गा देवि कामी (गाउँकार्यपालिका सदस्य)
१५. श्री राज बहादुर सार्की ( सदस्य सचिव)

**बैठक संख्या: १४ आ.व.२०८२।०८३ मिति: २०८३।०३।०७ गते बसेको कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १**

यस लालझाडी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि तयार पारिएको वार्षिक बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्था) को अनुमान तथा वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचना (MTEF) को एकीकृत मस्यौदालाई यस कार्यपालिका बैठकबाट स्वीकृत गरी आगामी असार १० गते बस्ने गाउँसभा (बजेट अधिवेशन) मा पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं. २**

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि गाउँपालिका क्षेत्रभित्र लगाइने स्थानीय कर, शुल्क, दस्तुर र राजस्व संकलनको दररेट कानुनी रूपमा निर्धारण गर्न तयार पारिएको "आर्थिक विधेयक २०८३" को मस्यौदालाई यस कार्यपालिका बैठकबाट स्वीकृत गरी आगामी गाउँसभामा निर्णयार्थ पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. ३**

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि स्वीकृत हुने वार्षिक बजेट तथा कार्यक्रमहरू कार्यान्वयन गर्न र संचित कोषबाट रकम खर्च गर्ने कानुनी अधिकार प्राप्तिका लागि तयार पारिएको "विनियोजन विधेयक २०८३" लाई यस कार्यपालिका बैठकबाट स्वीकृत गरी आगामी गाउँसभाको बजेट अधिवेशनमा प्रस्तुत गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. ४**

गाउँपालिकाका विभिन्न विषयगत समितिहरू (आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, सुशासन तथा संस्थागत विकास समिति र वातावरण तथा विपद व्यवस्थापन समिति) द्वारा पेश गरिएका वार्षिक प्रतिवेदनहरूमा उल्लिखित सिफारिस र सुझावहरूलाई आगामी वर्षको बजेट तथा कार्यक्रममा समावेश गर्ने गरी स्वीकृत गर्दै गाउँसभामा जानकारीका लागि पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं. ५**

चालु आर्थिक वर्ष २०८२/०८३ को असार २५ गतेभित्र सम्पन्न गर्नुपर्ने योजनाहरूको अन्तिम भुक्तानी प्रक्रियालाई छिटो-छरितो बनाउने र असार ०८ गतेको गाउँसभा (बजेट अधिवेशन) को सम्पूर्ण व्यवस्थापकीय तयारी पुरा गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय प्रमाणित